# पहिचान ई- बुलेटिन

अप्रिल- जुन, २०२६

वर्ष ५ अंक १३




## भित्र

- सुरक्षा रक्षक समूह र प्रतिकार्य समूहलाई तालिम सम्पन्न
- अपाङ्गता समावेशी सचेतना तथा प्रेरणा कार्यक्रम
- न्यायमा पहुँच अभिवृद्धिका लागि मधेश प्रदेशस्तरीय दुईदिने परामर्श कार्याशाला सम्पन्न
- चितवनका स्थानीय तहमा बैंक तथा वित्तीय संस्थासँग संवाद सञ्चालन
- अन्य




यदि तपाईंमाथि हिंसा भइरहेको छ वा तपाईंले कुनै व्यक्ति हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने, कृपया सहायता र आवश्यक सहयोगका लागि हेल्पलाइनमा सम्पर्क गर्नुहोस्।

९८०१५७१२२५

"अपाङ्ता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं।"

# IGNITE परियोजना अन्तर्गत सुरक्षा रक्षक समूह र प्रतिकार्य समूहलाई लैङ्गिक हिंसाविरुद्ध समुदायको प्रतिकार्य प्रणाली सुदृढ गर्न तालिम सञ्चालन



नेपाल अपाङ्ग महिला संघ (NDWA) ले मुक्ति नेपालसँगको साझेदारीमा मधेश प्रदेशमा सञ्चालन भइरहेको इग्नाइट (IGNITE) परियोजना अन्तर्गत न्याय हाम्रो अधिकार अभियान का लागि प्रतिकार्य समूह तथा सुरक्षा रक्षक समूहका लागि चरणबद्ध रूपमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्दै समुदायमा आधारित लैङ्गिक हिंसा प्रतिकार्य प्रणालीलाई सुदृढ बनाइरहेको छ। UNTF को सहयोगमा सञ्चालित यस परियोजनामा NDWA र मुक्ति नेपाल कार्यान्वयन साझेदारका रूपमा रहेका छन् भने CBM Global Nepal Country Office ले प्राविधिक सहयोग प्रदान गरिरहेको छ। परियोजनाको उद्देश्य मधेश प्रदेशभर अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्यका लागि समावेशी र अधिकारमा आधारित प्रणालीको विकास गर्नु हो ।

यस उद्देश्य अनुरूप यस संङ्घले मधेश प्रदेशका आठवटै जिल्लामा दुईदिने तालिम सफलतापूर्वक सञ्चालन गरेको छ। तालिममा समुदायस्तरका प्रतिकार्य समूहका सदस्यहरू तथा जिल्लास्तरका सुरक्षा रक्षक समूहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

तालिमले सहभागीहरूको अपाङ्गता समावेशीकरण, अपाङ्गता अधिकार, लैङ्गिक हिंसा तथा अपाङ्गता र हिंसाबीचको अन्तरसम्बन्ध सम्बन्धी ज्ञान, सीप र बुझाइलाई सुदृढ बनाएको थियो। समूहगत अभ्यास, भूमिका निर्वाह (रोल प्ले) तथा अन्य व्यावहारिक अभ्यासमार्फत सहभागीहरूले आफ्ना समुदायमा हिंसाका घटनाहरू पहिचान गर्ने, रोकथाम गर्ने तथा प्रभावकारी प्रतिकार्य गर्ने सीप विकास गरेका थिए। साथै, उनीहरूले राष्ट्रिय कानुनी व्यवस्था, सिफारिस (Referral) प्रणाली, घरदैलो भ्रमणको प्रक्रिया तथा समुदायस्तरमा अभिलेखीकरण र प्रतिवेदनका लागि कोबो टुलबक्स (Kobo Toolbox) को प्रयोगसम्बन्धी अभिमुखीकरण पनि प्राप्त गरेका थिए।

तालिमका क्रममा सहभागीहरूले 'न्याय हाम्रो अधिकार अभियान' (Justice Our Right Campaign–JORC) सम्बन्धी जानकारी प्राप्त गर्दै स्थानीय तहमा अपाङ्गता समावेशी न्याय प्रवर्द्धनमा आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउने उपायहरूबारे छलफल गरेका थिए।

तालिम अवधिभर सहभागीहरूले अपाङ्गता भएका महिला तथा बालिकाले भोगिरहेका विभिन्न चुनौती र अनुभवहरू आदानप्रदान गरेका थिए। विशेषगरी अपाङ्गता भएका महिला सहभागीहरूले यो तालिमलाई आफ्ना अधिकार, अनुभव र आवश्यकतामा केन्द्रित सिकाइ तथा सशक्तीकरणको महत्वपूर्ण अवसरका रूपमा लिएको बताएका थिए। उनीहरूको भनाइअनुसार, यस्तो प्रकृतिको तालिमले उनीहरूको आत्मविश्वास अभिवृद्धि गर्नुका साथै समुदायमा आफ्नो भूमिका अझ प्रभावकारी रूपमा निर्वाह गर्न प्रेरणा प्रदान गरेको छ।

# अपाङ्गता समावेशीकरण प्रवर्द्धनका लागि बुढानीलकण्ठ नगरपालिकाद्वारा “अपाङ्गता समावेशी सचेतना तथा प्रेरणा कार्यक्रम” आयोजना



बुढानिलकण्ठ नगरपालिकाले नेपाल अपाङ्ग महिला संघ, Autism Care Society Nepal र Blind Youth Association Nepal को सहकार्यमा अप्रिल २३, २०२६ मा “अपाङ्गता समावेशी सचेतना तथा प्रेरणा कार्यक्रम” सफलतापूर्वक आयोजना गरेको छ। कार्यक्रमको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, अर्थपूर्ण सहभागिता र सशक्तीकरणलाई प्रवर्द्धन गर्नुका साथै समावेशी समाज निर्माणप्रति सचेतना अभिवृद्धि गर्नु थियो।

कार्यक्रममा योग अभ्यास, फेस पेन्टिङ, बोसीया खेल, अपाङ्गता भएका व्यक्तिहरूद्वारा नृत्य प्रस्तुतिहरू, हस्तकला स्टलहरू तथा अन्य अन्तरक्रियात्मक गतिविधिहरू समावेश गरिएका थिए। विभिन्न उमेर समूह, र फरक-फरक प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सहभागिताले कार्यक्रमलाई जीवन्त र समावेशी बनाएको थियो। यसले सहभागीहरूलाई आपसमा अन्तरक्रिया गर्ने, आफ्नो सीप प्रदर्शन गर्ने र आत्मविश्वास अभिवृद्धि गर्ने महत्वपूर्ण मञ्च प्रदान गऱ्यो।

नगरप्रमुख मिठाराम अधिकारीले उद्घाटन मन्तव्यका क्रममा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नु नगरपालिकाको मुख्य जिम्मेवारी भएको उल्लेख गर्नुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतामा आधारित नीति तथा कार्यक्रमहरू विकास गरी सम्मानजनक र आत्मनिर्भर जीवनयापनका लागि वातावरण सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उपप्रमुख अनिता लामाले समावेशी विकास र अर्थपूर्ण सहभागिताको महत्वमा जोड दिँदै कार्यक्रमबाट संकलित सुझावहरूलाई आगामी योजना र बजेट प्रक्रियामा प्राथमिकताका साथ समावेश गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । संस्थाले प्रारम्भिक योजना निर्माणदेखि कार्यक्रम सञ्चालनसम्म सक्रिय योगदान पुऱ्याएको थियो। नगरपालिकाले सङ्कलित सुझावहरूलाई आगामी नीति, कार्यक्रम र बजेटहरूलाई अझ समावेशी र उत्तरदायी बनाउन उपयोग गर्ने प्रतिबद्धता जनाएको छ ।



कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसर, पहुँच र सम्मानित जीवन सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण कदमका रूपमा रहेको छ। आगामी दिनमा यस्ता साझेदारीहरूलाई अझ सुदृढ बनाउँदै स्थानीय शासन प्रणालीभित्र अपाङ्गता समावेशीकरणलाई संस्थागत गर्न तथा लक्षित समुदायसँग सहकार्यमा कार्यक्रमहरू सह-निर्माण गर्न आवश्यक रहेको सरोकारवालाहरूले जोड दिएका छन्।

> “हाम्रो नगरपालिकामा यसरी अपाङ्गता भएका व्यक्तिहरुलाई केन्द्रित गरेर सञ्चालन गरिएको यो पहिलो कार्यक्रम हो। मलाई यस कार्यक्रममा सहभागी हुन पाउँदा धेरै खुसि लागेको छ।
>
> अपाङ्गता भएका व्यक्तिहरु पनि धेरै प्रकारका कलाहरुमा निपूर्ण हुन्छन् भन्ने कुरा मैले यस कार्यक्रममा थाहा पाएँ ।”

# लैङ्गिक उत्तरदायी बजेट र समावेशी शिक्षा योजना प्रवर्द्धनका लागि १२ वटा स्थानीय तहसँग अन्तरक्रिया



नेपाल अपाङ्ग महिला संघले १८–२२ मे तथा ८–१२ जुन २०२६ मा कर्णाली र मधेश प्रदेशका १२ वटा स्थानीय तहसँग लैङ्गिक उत्तरदायी बजेट (GRB) तथा समावेशी शिक्षा योजना प्रवर्द्धनका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। १२१ जना स्थानीय सरकारका प्रतिनिधि, शिक्षा क्षेत्रका सरोकारवाला तथा नागरिक समाज संस्थाका प्रतिनिधिहरू सहभागी रहेको कार्यक्रमले आगामी आर्थिक वर्षको योजना तथा बजेटमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समुदायका आवश्यकतालाई समावेश गर्ने विषयमा जोड दिएको थियो।

कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्त, समावेशी योजना निर्माण प्रक्रिया तथा शिक्षा क्षेत्रमा अपाङ्गता भएका र सीमान्तकृत बालबालिकाको पहुँच बढाउने उपायहरूबारे छलफल गरिएको थियो। अधिकांश स्थानीय तहले समुदायस्तरबाट योजना संकलन गरी सहभागितामूलक योजना निर्माण प्रक्रिया अवलम्बन गरिरहेको तथा स्रोत कक्षा, सामुदायिक सिकाइ केन्द्र (CLC) र EMIS प्रणालीमार्फत समावेशी शिक्षालाई प्रवर्द्धन गरिरहेको जानकारी दिएका थिए।

अन्तरक्रियामा सहभागी स्थानीय सरकार र नागरिक समाज संस्थाका प्रतिनिधिहरूले लक्षित समुदायको आवश्यकतामा आधारित बजेट निर्माण, GEDSI को प्रभावकारी समावेश, बालबालिकाको प्रारम्भिक पहिचान (Early Screening) तथा स्थानीय तहका सार्वजनिक सुनुवाइमा नागरिक समाजको सक्रिय सहभागिताको आवश्यकता अनिवार्य रहेको वताइएको थियो।

कार्यक्रमले स्थानीय सरकार र नागरिक समाजबीच समन्वयलाई सुदृढ गर्दै लैङ्गिक उत्तरदायी बजेट र समावेशी शिक्षा योजना प्रवर्द्धनका लागि साझा प्रतिबद्धता निर्माण गरेको छ। संङ्घले आगामी दिनमा पनि स्थानीय तहसँग सहकार्य गर्दै समावेशी योजना र "कसैलाई पनि पछाडि नछोडौं" विकासको अवधारणालाई व्यवहारमा उतार्न निरन्तर काम गर्ने प्रतिबद्धता जनाएको छ।

> "बालबालिकाको प्रारम्भिक पहिचान (Early Screening) लाई नेपाल सरकारको नियमित कार्यक्रममा अनिवार्य रूपमा समावेश गरिनुपर्छ।"
>
> हामीले लक्षित समुदायका लागि विशेष कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्छ। लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्दा GEDSI का सिद्धान्तलाई समावेश गर्न आवश्यक छ। स्थानीय तहबाट यस्ता कार्यक्रम सञ्चालन गर्न सके महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका लागि प्रभावकारी रूपमा काम गर्न सकिन्छ।"

## न्यायमा पहुँच अभिवृद्धिका लागि मधेश प्रदेश स्तरीय दुईदिने प्रादेशिक परामर्श कार्यशाला सम्पन्न

न्यायमा पहुँच (Access to Justice) अभिवृद्धि गर्ने उद्देश्यले न्यायिक निकायहरूका लागि "पहुँचयुक्त निर्देशिका" (Accessible Guide) निर्माण गर्न मधेश प्रदेश स्तरीय दुईदिने परामर्श कार्यशाला२०८२ जेठ २-३ (May 16–17) मा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम नेपाल अपाङ्ग महिला संघ नेपाल (NDWA), इन्टरनेसनल कमिसन अफ जुरिस्ट (ICJ) र महिला, कानुन र विकास मञ्च (FWLD) को संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

मधेश प्रदेशमा अपाङ्गता भएका महिला तथा किशोरीहरूले न्याय प्राप्त गर्ने क्रममा भोगिरहेका चुनौतीहरूले न्याय प्रणालीलाई अझ समावेशी र पहुँचयुक्त बनाउन तत्कालै आवश्यकता भएको स्पष्ट रूपमा उजागर गरेका छन्। भौतिक पूर्वाधारको अभाव, सूचना तथा सञ्चारमा सीमित पहुँच र कानुनी प्रक्रियाका जटिलताजस्ता अवरोध हटाई न्यायलाई सबैका लागि सहज र पहुँचयोग्य बनाउनु आजको आवश्यकता हो । पहुँच र समावेशिता कुनै सुविधा नभई प्रत्येक नागरिकको मौलिक अधिकार हो ।

दुईदिने परामर्श प्रादेशिक परामर्श कार्यशालामा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरू, अदालत प्रशासनका अधिकारीहरू, सरकारी वकिल कार्यालयका प्रतिनिधिहरू, स्थानीय तहका प्रतिनिधिहरू, अपाङ्गता अधिकारकर्मी तथा नागरिक समाजका सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। सहभागीहरूले न्यायिक निकायहरूलाई अपाङ्गतामैत्री, समावेशी र पहुँचयुक्त बनाउन आवश्यक सुझाव प्रदान गर्नुका साथै यस दिशामा साझा प्रतिबद्धता व्यक्त गरेका छन्।






## अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रविधि जन्य लैङ्गिकतामा आधारी हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन

NDWA ले बुढानीलकण्ठ र तारकेश्वर नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रविधि-जन्य हिंसा (Technology-Facilitated Violence) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रमको सहजीकरण आलय संस्थाकी सह-संस्थापक सुश्री कविता राईले गर्नुभएको थियो।

कार्यक्रममा प्रविधि-जन्य हिंसाका प्रकार, अनलाइन जोखिम, डिजिटल सुरक्षा, व्यक्तिगत जानकारीको संरक्षण, हिंसा रोकथामका उपाय तथा उजुरी र सहयोगका उपलब्ध संयन्त्रबारे जानकारी प्रदान गरिएको थियो। अन्तरक्रियात्मक छलफलमार्फत सहभागीहरूले डिजिटल माध्यममा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने जोखिम र चुनौतीबारे अनुभव आदानप्रदान गरेका थिए।

कार्यक्रमको समापन सुरक्षित, समावेशी र पहुँचयुक्त डिजिटल वातावरण निर्माण, डिजिटल साक्षरता अभिवृद्धि तथा प्रविधि-सहज हिंसाको रोकथाम र प्रभावकारी प्रतिकारका लागि सबै पक्षको साझा प्रतिबद्धतासहित गरिएको थियो।




# नेपाल अपाङ्ग महिला संघद्वारा गोरखा नगरपालिकामा अपाङ्गता भएका महिलाका लागि पशुपालन व्यवस्थापन तालिम




NDWA ले गोरखा नगरपालिकासँगको सहकार्यमा अपाङ्गता भएका महिलाको आर्थिक सशक्तीकरण, जीविकोपार्जन प्रवर्द्धन गर्ने तथा पहुँच वृद्धी गर्ने उद्देश्यले असार २२–२४ (६–८ जुन) सम्म तीनदिने पशुपालन व्यवस्थापन तालिम सम्पन्न गरिएको छ।

तालिममा शारीरिक, वहिरापन, मनोसामाजिक तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका महिला तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावक गरी १७ जना सहभागी भएका थिए । सहभागीहरूलाई आर्थिक तथा पारिवारिक अवस्थाका आधारमा गोरखा नगरपालिकाका विभिन्न वडाबाट छनौट गरिएको थियो।

गोरखा नगरपालिकाका पशु सेवा अधिकृतद्वारा सञ्चालन गरिएको उक्त तालिममा बाख्रा तथा कुखुरा पालन, पशु स्वास्थ्य, गोठ व्यवस्थापन, रोगको पहिचान, उपचार तथा रोकथाम, प्रजनन व्यवस्थापन, पोषण तथा स्वास्थ पशु पालन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो।

समापन कार्यक्रममा सहभागीहरूलाई जीविकोपार्जन सुरु गर्न वा विस्तार गर्न बीउ पुँजी वितरण गरिएको थियो। ११ जना सहभागीले आफ्नै बैंक खातामार्फत सहयोग प्राप्त गरेका थिए भने बाँकी सहभागीहरूलाई अभिभावकको बैंक खातामार्फत वा नगदमार्फत सहयोग प्रदान गरिएको थियो।

गोरखा नगरपालिकाले अपाङ्गता भएका महिलाको आर्थिक सशक्तीकरणका लागि आगामी दिनमा पनि आवश्यक सहयोग तथा बजेटलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ। यस कार्यक्रममार्फत नेपाल अपाङ्ग महिला संङ्घले अपाङ्गता भएका महिलाको सीप विकास, आर्थिक आत्मनिर्भरता तथा समावेशी जीविकोपार्जन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

यसै क्रममा पालिकास्तरमा एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो, जहाँ प्रतिकार्य समूहका सदस्यहरूलाई उनीहरूको भूमिका, आवश्यकता तथा जिम्मेवारीबारे अभिमुखीकरण गरिएको थियो। सहभागी सबै प्रतिकार्य समूहहरू आफ्नो समुदायमा सक्रिय रूपमा काम गर्दै सकारात्मक परिवर्तन ल्याउन उत्साहित देखिएका थिए। अर्को चरणमा यी प्रतिकार्य समूहहरूका लागि जिल्ला स्तरमा दुईदिने अभिमुखीकरण तथा क्षमता विकास सत्र सञ्चालन गरिनेछ ।

## बडीकेदार गाउँपालिकाले तयार गऱ्यो लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) नीति मस्यौदा

डोटी जिल्लाको बडीकेदार गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) नीति मस्यौदा तयार गरेको छ। हाल उक्त मस्यौदा गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृतिको प्रक्रियामा रहेको छ।

नीति निर्माण प्रक्रियाभर नेपाल अपाङ्ग महिला संघले गाउँपालिकासँग निरन्तर समन्वय गर्दै आवश्यक प्राविधिक सहयोग प्रदान गरेको थियो। साथै, नीति मस्यौदालाई अन्तिम रूप दिई कार्यपालिकाबाट स्वीकृत गराउने प्रक्रियामा पनि गाउँपालिकासँग नियमित सहकार्य गर्दै आवश्यक प्राविधिक सहयोगलाई निरन्तरता दिइरहेको छ।

नीति स्वीकृत भएपछि गाउँपालिकाका योजना, कार्यक्रम, सेवा प्रवाह तथा शैक्षिक गतिविधिहरूलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) का सिद्धान्तअनुरूप थप समावेशी, पहुँचयोग्य र उत्तरदायी बनाउन महत्वपूर्ण मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ। साथै, यस नीतिले महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको अर्थपूर्ण सहभागिता, समान अवसर र समावेशी विकासलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

# मधेश प्रदेशमा अपाङ्गता समावेशी सार्वजनिक सेवाको प्रवर्द्धनका लागि CBM Global, Nepal Country Office द्वारा पहुँचयोग्यता परीक्षण तालिम





CBM Global Nepal, Country Office ले IGNITE परियोजना अन्तर्गत मधेश प्रदेशका ८ जिल्लाका ३२ वटा पालिकाका सरोकारवालाहरूका लागि दुई दिने पहुँचयोग्यता परीक्षण (Accessibility Audit) तालिम सफलतापूर्वक सम्पन्न गरेको छ। तालिममा नगरपालिकाका इन्जिनियरहरू, अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू (OPDs) का प्रतिनिधिहरू, महिला तथा बालिकामाथि हुने हिंसा प्रतिकार समूहका प्रतिनिधिहरू तथा सुरक्षा रक्षकहरू सहभागी भएका थिए।

तालिमको उद्देश्य सार्वजनिक पूर्वाधार तथा सेवाहरूको पहुँचयोग्यता मूल्याङ्कन र प्रवर्द्धन सम्बन्धी सहभागीहरूको ज्ञान तथा क्षमता अभिवृद्धि गर्नु थियो। सहभागीहरूले Universal Design, पहुँचयोग्यता मापदण्ड, अपाङ्गता समावेशी सेवा तथा पहुँचयोग्यता परीक्षणका व्यावहारिक उपकरण र विधिहरूबारे आधारभूत ज्ञान हासिल गरेका थिए।

तालिमपछि सहभागीहरूले आठवटै जिल्लाका शैक्षिक, स्वास्थ्य, संरक्षण तथा स्थानीय सरकारी संरचनाहरूमा पहुँचयुक्तता परीक्षण गरी सार्वजनिक पूर्वाधारको अवस्था मूल्याङ्कन गर्ने व्यावहारिक अनुभव प्राप्त गरेका थिए।

यस पहलले स्थानीय तहमा पहुँचयोग्यता र समावेशीकरण प्रवर्द्धन गर्दै नगरपालिकाका सरोकारवालाहरूलाई समावेशी पूर्वाधार र सेवाका लागि पैरवी गर्न आवश्यक ज्ञान तथा सीप प्रदान गरेको छ। IGNITE परियोजनामार्फत मधेश प्रदेशमा सुरक्षित, पहुँचयोग्य तथा अपाङ्गता समावेशी समुदाय निर्माणमा निरन्तर सहयोग पुर्‍याइँदै आएको छ।

## ACCESS परियोजनाअन्तर्गत दोस्रो वर्षका लागि FSTP उप-अनुदान प्राप्त संस्थाको छनोट

ACCESS परियोजनाअन्तर्गत दोस्रो वर्षको Financial Support to Third Parties (FSTP) कार्यक्रम कार्यान्वयनका लागि नागरिक समाज संस्थाहरू (CSOs) छनोट प्रक्रिया सफलतापूर्वक सम्पन्न भएको छ। मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका ३४ वटा आवेदनलाई मूल्याङ्कन गरिएको थियो। मूल्याङ्कन प्रक्रियामार्फत कार्यक्रमको उद्देश्य तथा आवश्यकताअनुरूप उपयुक्त नागरिक समाज संस्थाहरू छनोट गरिएको छ।

Consortium मा छनोट समितिको व्यवस्था भए अनुरुप यस संङघको तर्फबाट सदस्यको रूपमा सक्रिय सहभागी भई निष्पक्ष, पारदर्शी र मापदण्डमा आधारित छनोट प्रक्रिया सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। विस्तृत मूल्याङ्कन र छलफलपछि १० वटा नागरिक समाज संस्थाहरू FSTP उप-अनुदानका लागि छनोट भएका छन्। तीमध्ये सुदूरपश्चिम प्रदेशबाट अपाङ्ग कल्याण सेवा संघलाई NDWA ले ACCESS परियोजना अन्तर्गत दोस्रो वर्षका FSTP गतिविधिहरू कार्यान्वयनका लागि छनोट गरेको छ।

# ACCESS परियोजना अन्तर्गत नागरिक समाज संस्थाहरूका लागि क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न



ACCESS परियोजना अन्तर्गत मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कार्यरत नागरिक समाज संस्थाहरू (CSOs) का लागि दुई दिने क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न भएको छ। कार्यशालाको उद्देश्य समावेशी शिक्षा प्रवर्द्धन गर्दै विशेषगरी बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि समान रुपमा शैक्षिक अवसर सुनिश्चित गराउन नागरिक समाज संघ संस्थाहरूको क्षमता अभिवृद्धि गर्नु थियो।

कार्यशालामा NDWA ले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) र समावेशी शिक्षाको दृष्टिकोण,वर्तमान अवस्था सम्बन्धी सत्रको सहजीकरण गरेको थियो। सत्रमा समावेशी शिक्षाको अवधारणा, प्रत्येक बालबालिकाको शिक्षामा समान अधिकार, नेपालमा समावेशी शिक्षाको अवस्था तथा स्थानीय सरकार, विद्यालय, नागरिक समाज संस्थाहरू (CSOs) र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू (OPDs) को भूमिकाबारे छलफल गरिएको थियो।

समूहगत छलफल र व्यवहारिक अभ्यासमार्फत सहभागीहरूले स्थानीयस्तरका चुनौतीहरू पहिचान गर्दै विद्यालय भर्ना, जनचेतना अभिवृद्धि, पैरवी तथा स्थानीय सरकार र विद्यालयसँगको समन्वय सुदृढ गर्ने कार्ययोजना तयार गरेका थिए।

# भरतपुरमा अपाङ्गता समावेशी बैंकिङ सेवाका लागि OPD प्रतिनिधिहरूलाई अभिमुखीकरण

NDWA ले FAIDA परियोजना अन्तर्गत भरतपुर महानगरपालिकामा बैंक तथा वित्तीय संस्थासँग हुने पैरवी संवादलाई प्रभावकारी बनाउन OPDs का प्रतिनिधिहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

होटल CMT, भरतपुरमा आयोजित कार्यक्रममा भरतपुर महानगरका १० वटा OPD का २६ जना प्रतिनिधिको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण NDWA का GEDSI सल्लाहकार मिलन खरालले गर्नुभएको थियो।

अभिमुखीकरणमा नेपाल राष्ट्र बैंक (NRB) ले जारी गरेका अपाङ्गता मैत्री तथा सरल बैंकिङ सेवासम्बन्धी नयाँ निर्देशन, प्रभावकारी पैरवी तथा संवाद सीप, साथै अपाङ्गता, लैङ्गिक समानता, गरिबी र भौगोलिक अवस्थाबीचको अन्तरसम्बन्धका विषयमा छलफल गरिएको थियो। सहभागीहरूलाई बैंक तथा वित्तीय संस्थासँग तथ्यमा आधारित र अधिकारमुखी पैरवी गर्न आवश्यक ज्ञान र सीप प्रदान गरिएको थियो।

कार्यक्रममा सहभागीहरूलाई शारीरिक अपाङ्गता, बहिरा तथा श्रवण अपाङ्गता, दृष्टिविहीन तथा न्यून दृष्टियुक्त, र बौद्धिक तथा विकासात्मक अपाङ्गता गरी चार विषयगत समूहमा विभाजन गरिएको थियो। यसबाट प्रत्येक समूहले आफ्नो समुदायले भोगिरहेका विशिष्ट वित्तीय पहुँचका चुनौतीहरूलाई प्रभावकारी रूपमा उठाउन सक्ने अपेक्षा गरिएको छ।

कार्यक्रमले सहभागी संस्थाहरूबीच साझा पैरवी रणनीति विकास गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थासँग समन्वित रूपमा संवाद अघि बढाउने आधार तयार गरेको छ। NDWA ले अपाङ्गता भएका व्यक्तिहरूको वित्तीय पहुँच सुनिश्चित गर्न यस्ता क्षमता अभिवृद्धि तथा पैरवी कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# वित्तीय समावेशीकरण प्रवर्द्धन गर्न चितवनका स्थानीय तहमा बैंक तथा वित्तीय संस्थासँग संवाद सञ्चालन

NDWA ले FAIDA परियोजना अन्तर्गत चितवन जिल्लाका भरतपुर महानगरपालिका, राप्ती, रत्ननगर, खैरहनी, कालिका, माडी र इच्छाकामना गाउँपालिकामा बैंक तथा वित्तीय संस्थाहरूसँग अपाङ्गता समावेशी वित्तीय सेवाको प्रवर्द्धनका लागि पालिका-स्तरीय पैरवी तथा संवाद कार्यक्रम सम्पन्न गरेको छ।

स्थानीय अपाङ्गता समन्वय समिति तथा OPDs को सहकार्यमा सञ्चालन गरिएको कार्यक्रममा स्थानीय पैरवी टोलीहरूले ९० भन्दा बढी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामा पुगेर शाखा प्रमुखहरूसँग प्रत्यक्ष छलफल गर्दै ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका थिए। छलफलका क्रममा पहुँचयोग्य भौतिक संरचना, सहज बैंकिङ सेवा, समावेशी डिजिटल बैंकिङ प्रणाली तथा सम्मानजनक ग्राहक सेवाको सुनिश्चिततामा जोड दिइएको थियो।

कार्यक्रमका क्रममा अधिकांश बैंक शाखाहरूमा र्याम्प, लिफ्ट तथा पहुँचयोग्य सेवा काउन्टरको अभाव, अपाङ्गतामैत्री डिजिटल सेवाको कमी, कर्मचारीमा अपाङ्गता समावेशी सेवासम्बन्धी सीमित ज्ञान तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति अझै पनि दानमुखी सोच विद्यमान रहेको तथ्य उजागर भएको छ।

यद्यपि, बैंकका शाखा प्रमुखहरूले अपाङ्गता समावेशी सेवा विस्तारको आवश्यकता स्वीकार गर्दै सुधारका लागि सकारात्मक प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, स्थानीय अपाङ्गता समन्वय समिति र OPDs को पैरवी क्षमता सुदृढ हुनुका साथै बैंक तथा वित्तीय संस्थासँग निरन्तर संवादको आधारसमेत निर्माण भएको छ।

नेपाल अपाङ्ग महिला संघले वित्तीय समावेशीकरणलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकका निर्देशिकाको कडाइका साथ कार्यान्वयन, बैंकिङ क्षेत्रका कर्मचारीको क्षमता अभिवृद्धि, पहुँचयोग्य पूर्वाधार र डिजिटल सेवा विकास तथा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तीकरणका लागि निरन्तर सहकार्य र पैरवी आवश्यक रहेको जनाएको छ।



# निरन्तरको पैरवीपछि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्दै नेपाल अपाङ्ग महिला संघ



नेपाल अपाङ्ग महिला संघ (एनडीडब्लुए), गोरखाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयद्वारा स्वीकृत मापदण्ड- २०८२ अन्तर्गत समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रमअन्तर्गत बारपाक सुलिकोट गाउँपालिकामा चारदिने क्षमता विकास तथा सचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सामाजिक समावेशीकरण, आर्थिक सशक्तीकरण तथा न्यायमा पहुँच सुनिश्चित गर्न विगत लामो समयदेखि निरन्तर जनवकालत र पैरवी गर्दै आएको नेपाल अपाङ्ग महिला संघ, गोरखाको सक्रिय योगदानका आधारमा संस्था उक्त कार्यक्रम सञ्चालनका लागि छनोट भएको हो।




कार्यक्रम एकीकृत सेवा कार्यालय, गोरखा र बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक सहयोगमा २०८३ असार ११ देखि १४ गतेसम्म सञ्चालन गरिएको थियो। कार्यक्रममा बारपाक सुलिकोट गाउँपालिकाका सबै वडाबाट आएका अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका अभिभावक तथा स्थानीय सरोकारवालासहित ६२ जनाको सहभागिता रहेको थियो। प्रशिक्षणमा बाख्रापालन, झोल साबुन तथा फिनेल उत्पादन, अपाङ्गता अधिकार, हिंसा विरुद्ध सचेतना तथा न्यायमा पहुँचका विषयमा व्यावहारिक तथा सैद्धान्तिक ज्ञान प्रदान गरिएको थियो।

कार्यक्रमको महत्वपूर्ण उपलब्धिका रूपमा ९ सदस्यीय "बारपाक सुलिकोट सक्रिय अपाङ्ग समूह" गठन गरिएको छ। साथै सहभागीहरूले आयआर्जनमूलक सीप, अपाङ्गता अधिकार तथा उपलब्ध सरकारी सेवा–सुविधाबारे जानकारी हासिल गरेका छन्। नेपाल अपाङ्ग महिला संघ, गोरखाले नवगठित समूहसँग निरन्तर सहकार्य गर्दै समुदायमा आधारित पुनर्स्थापना कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणलाई थप प्रभावकारी बनाउने जनाएको छ।





# म अनागरिक किन ?




रेश्मा (नाम परिवर्तन) को जन्म २०५४ साल असोज ५ गते भएको थियो। गरिब परिवारकी उनी कक्षा ७ मा अध्ययनरत रहँदा विवाह भयो । तीन दिन रेलको यात्रा गरेर जब उनी श्रीमान् को घर पुगिन्, त्यहाँ आफ्नो उमेरका चार जना छोराछोरी देखिन्। माइतीघर मात्र होइन, आफ्नै देशबाट पनि टाढा पुगेकी उनी निकै आत्तिएकी थिइन्। त्यही पहिलो रात श्रीमान् ले उनीमाथि विभिन्न प्रकारका हिंसा गरे। भोलिपल्ट उनलाई श्रीमान् को भाइको घरमा राखियो।

रेश्मा (नाम परिवर्तन) को जन्म २०५४ साल असोज ५ गते भएको थियो। गरिब परिवारकी उनी कक्षा ७ मा अध्ययनरत रहँदा विवाह भयो । तीन दिन रेलको यात्रा गरेर जब उनी श्रीमान् को घर पुगिन्, त्यहाँ आफ्नो उमेरका चार जना छोराछोरी देखिन्। माइतीघर मात्र होइन, आफ्नै देशबाट पनि टाढा पुगेकी उनी निकै आत्तिएकी थिइन्। त्यही पहिलो रात श्रीमान् ले उनीमाथि विभिन्न प्रकारका हिंसा गरे। भोलिपल्ट उनलाई श्रीमान् को भाइको घरमा राखियो।

अर्को दिन बिहानै गाउँका एक मुखियाजस्ता देखिने व्यक्तिले भने, "जोसँग तिमी आयौ, उसले तिमीलाई १७ हजार रुपैयाँमा बेचिसक्यो। सके भाग, नत्र आज तिमीलाई लैजान्छन् ।" यो सुनेपछि रेश्माले जसरी भए पनि आफ्नो जीवन बचाउने निर्णय गरिन्। अनेकौं दुःख र जोखिम पार गर्दै उनी नेपालमा आफ्नो घर फर्कीइन । घर फर्किएपछि उनले पुनः विद्यालय जान थालिन् । तर कक्षा ९ मा पुग्दा विद्यालय शुल्क तिर्न नसक्दा पढाइ छोड्नुपर्‍यो। त्यसपछि इँटा भट्टामा, खेतबारीमा ज्यालादारी गरेर तथा अरूको घरमा काम गरेर परिवारको आर्थिक भार थेग्न थालिन् ।

यसै क्रममा उनको नजिकैको गाऊँमा विवाहका लागि कुरा चल्यो । समाजका अनेक टिप्पणीबाट आजित भएका उनका बुबाआमाले अन्ततः निकाह गराइदिए। तर विवाहपछि पनि श्रीमान् ले उनलाई आफ्नो घर लगेनन्। बरु उनी स्वयं ससुरालीमै बस्न थाले। विवाह भएको १३ दिनपछि श्रीमान् ले तत्काल काठमाडौं जान दबाब दिन थाले। रेश्माले पहिले आफैं गएर काम, कोठा र आवश्यक व्यवस्था मिलाएपछि मात्र सँगै जाने प्रस्ताव राखिन् । उनको यो आग्रह श्रीमान्लाई मन परेन । विवाह भएको करिब १५ दिनमै उनले रेश्मालाई कुटपिट गरे र छाडेर हिंडे। त्यसपछि उनी आजसम्म फर्किएका छैनन् ।

२०७९ सालमा मेरो रेश्मासंग पहिलो भेट भयो। पहिलो भेटमै उनले सोधेको एउटा प्रश्न मेरो मनमा छोयो। "म्याम, नागरिकता पाउन विवाह नै गर्नुपर्छ भने म अर्को विवाह गर्न पनि तयार छु। समाजले भन्नलाई मेरो दुई पटक विवाह भयो, तर मैले न श्रीमान् पाएँ, न परिवार, न वैवाहिक सुख" । उनले सोधिन्, "नेपाली हुँ। बुबाआमासँग वंशजको नागरिकता छ। तर म अनागरिक किन?" उनको प्रश्नसँगै धेरै पीडा जोडिएका थिए। समाजले विवाह भएको देखेको थियो, तर उनले श्रीमान् र परिवार दुवै गुमाएकी थिइन्। नागरिकता नभएकै कारण बैंक खाता खोल्न सकिनन् । आफ्नो कमाइ सुरक्षित राख्ने अधिकारबाट समेत वञ्चित थिइन्। २५-२६ वर्षको उमेरमा पनि दाजु-भाउजूको कुटाइ सहन बाध्य थिइन्। उनी शारीरिक, मानसिक, सामाजिक र कानुनी हिंसाको निरन्तर सिकार बनेकी थिइन्। वडा अध्यक्ष र प्रमुख जिल्ला अधिकारीसँग पटक-पटक छलफल गरियो। वडा अध्यक्षको असहयोगका कारण धेरै अवरोध सिर्जना भए । तर जिल्ला प्रशासन कार्यालयसँग निरन्तर समन्वय, समुदायको साथ र संस्थागत पहलपछि अन्ततः २०८० साल भदौ २७ गते उनले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिन्। "

दुई महिनाअघि मुक्ति नेपाल, नेपाल अपाङ्ग महिला संघ  र CBM Nepal Country Office को संयुक्त आयोजनामा सञ्चालित IGNITE परियोजनामा पुनः जोडिने अवसर मिल्यो। परियोजनाअन्तर्गत हिंसा प्रतिकार्य समूह गठन गर्ने क्रममा पालिकासँग समन्वय हुँदा रेश्मालाई पनि सहभागी गराउने सल्लाह भयो।बाल्यकालमा सुइरोले घोचिँदा उनको बायाँ आँखा देख्न छाडेको रहेछ। उनी प्रतिकार्य समूहको सदस्य बनेपछि थाहा भयो, उनको राष्ट्रिय परिचयपत्र अझै बनेको रहेनछ । नागरिकता बनाउन गरिएको सबै मेहनतको उद्देश्य नै अधुरो थियो। कारण फेरि उही वडा अध्यक्ष थिए । "मधेशकी, त्यो पनि मुस्लिम समुदायकी छोरी ३० वर्षसम्म अविवाहित बसेको पत्याउन सकिँदैन। वडाबाट अविवाहित प्रमाणपत्र ल्याउनुस्, अनि मात्र राष्ट्रिय परिचयपत्र बन्छ," भन्ने जवाफ पाएर उनी निराश भईन्।

विवाहको नाममा बेचिएको घटना, दोस्रो विवाहपछि पनि घरपरिवारको कुनै अस्तित्व नरहेको अवस्था, नागरिकता बनाउन वडा अध्यक्षले पन्छिएको प्रसंग, र अन्ततः समुदाय तथा संस्थागत पहलका आधारमा अविवाहित नागरिकता बनेको सम्पूर्ण विवरण स्पष्ट रूपमा प्रमुख जिल्ला अधिकारीलाई प्रस्तुत गरियो। केही समय छलफलपछि प्रक्रिया अघि बढ्यो।गत असार ४ र ५ गते भएको प्रतिकार्य समूहको तालिमका क्रममा उनलाई साथमा लिएर दुई दिन जिल्ला प्रशासन कार्यालय धायौं । अन्ततः २०८३ साल असार ५ गते उनले राष्ट्रिय परिचयपत्र प्राप्त गरिन्। त्यो दिन उनको अनुहारमा देखिएको मुस्कान शब्दमा वर्णन गर्न सकिँदैनथ्यो । तालिमका सहभागीहरूमाझ आफ्ना भोगाइ सुनाउँदै उनले भनिन्, "नेपाली नागरिकका रूपमा आफ्नो परिचय पाउने आशा मैले लगभग मारिसकेकी थिएँ। तर सबैको सहयोगले आज यो सम्भव भयो ।"

उनले IGNITE परियोजना टोली, सम्बन्धित निकाय र साथ दिने सबैप्रति हार्दिक आभार व्यक्त गरिन्।

रेश्माको कथा एउटी महिलाको व्यक्तिगत संघर्ष मात्र होइन। यो हाम्रो समाज, हाम्रो प्रशासनिक प्रणाली र नागरिकताको अधिकारसँग जोडिएको गम्भीर प्रश्न पनि हो।आज पनि धेरै रेश्माहरू एउटै प्रश्न सोधिरहेका छन्: "नेपाली हुँ, तर म अनागरिक किन?"

## केन्द्रीय कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कालोपुल, काठमाडौँ, नेपाल

**फोन**
०१-४५३५१३१

**ईमेल**
ndwa.2009@gmail.com,
info@ndwa,org.np

## प्रादेशिक कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

**फोन**
९८४८७१५५६१

नेपाल अपाङ्ग महिला संघ
मोरङ, कोशी प्रदेश

**फोन**
९८५२०५७०११


यदि तपाईँमाथि हिंसा भइरहेको छ या अरू कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्प लाइनमा फोन गर्नुहोला।

९८०१५७१२२५